कार्यपालिकाको ... मालिङ, लमजुङ गण्डकी प्रदेश ... २०७३

बैठकको नामः क्व्होलासोथार गाउँपालिका (गाउँ कार्यपालिकाको बैठक)

बैठक क्रम संख्याः तेस्रो

अध्यक्षताः अध्यक्ष श्री सूर्यप्रसाद गुरुङ

मितिः २०७९ असार ३१ गते

स्थानः क्व्होलासोथार गाउँपालिका, वडा नं. २, मालिङ ।

| क्र.स. | नामथर | पद | ठेगाना | उपस्थिती |
|---|---|---|---|---|
| १ | सूर्यप्रसाद गुरुङ | गाउँपालिका अध्यक्ष | क्व्होलासोथार गा.पा. - ६ | |
| २ | गमीमाया गुरुङ | गाउँपालका उपाध्यक्ष | क्व्होलासोथार गा.पा. - ४ | |
| ३ | पेमा गुरुङ | वडा अध्यक्ष, वडा नं. १ | क्व्होलासोथार गा.पा. - १ | |
| ४ | खुसिमान गुरुङ | वडा अध्यक्ष, वडा नं. २ | क्व्होलासोथार गा.पा. - २ | |
| ५ | आसविर गुरुङ | वडा अध्यक्ष, वडा नं. ३ | क्व्होलासोथार गा.पा. - ३ | |
| ६ | नारायण गुरुङ | वडा अध्यक्ष, वडा नं. ४ | क्व्होलासोथार गा.पा. - ४ | |
| ७ | गित बहादुर गुरुङ | वडा अध्यक्ष, वडा नं. ५ | क्व्होलासोथार गा.पा. - ५ | |
| ८ | मनलाल गुरुङ | वडा अध्यक्ष, वडा नं. ६ | क्व्होलासोथार गा.पा. - ६ | |
| ९ | लक्षुमन गुरुङ | वडा अध्यक्ष, वडा नं. ७ | क्व्होलासोथार गा.पा. - ७ | |
| १० | सन्तोष घले | वडा अध्यक्ष, वडा नं. ८ | क्व्होलासोथार गा.पा. - ८ | |
| ११ | हुमराज गुरुङ | वडा अध्यक्ष, वडा नं. ९ | क्व्होलासोथार गा.पा. - ९ | |
| १२ | श्री गंगा बहादुर घले | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ३ | |
| १३ | श्री सुल बहादुर बि.क. | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ३ | |
| १४ | श्री हेमन्ता गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ४ | |
| १५ | श्री केश कुमारी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ८ | |
| १६ | श्री खास देवी गुरुङ | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ९ | |
| १७ | श्री पुष्पा सुनार | गाउँ कार्यपालिका सदस्य | क्व्होलासोथार गा.पा. - ७ | |
| १८ | श्री त्रिलोक चन्द्र गुरुङ | प्रमुख प्रशासकिय अधिकृत | क्व्होलासोथार गा.पा. | |

१९. श्री दिपक पौडेल शिक्षा शाखा प्रमुख

२० श्री अनिल पौडेल सूचना प्रविधी अधिकृत

२१. श्री चित्र घले योजना शाखा

२२. श्री जय बहादुर राई सहायकस्तर पाँचौ

२३. श्री गोपाल गुरुङ अध्यक्षको सचिवालय

क्व्होलासोथार गाउँपालिका कार्यपालिका बैठक २०७९/०३/३१

गाउँकार्यपालिकाको बैठकबाट पारित निर्णयहरु

निर्णय नं १. स्वास्थ्य शाखाको कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९)को महामारीको संक्रमण अझै सामान्य अवस्थामा फर्कि नसकेकाले कोभिड अस्थायी अस्पताल वडा नं ९ गिलुङमा कार्यरत डा. सागर थापा र कार्यालय सहयोगी अमित तामाङलाई संघिय सरकारबाट दरवन्दी र बजेटको विनियोजन भई नआएकाले हाललाई पालिकाले आन्तरीक स्रोतबाट तलबभत्ता व्यहोर्ने गरी नीजहरुसँग करार सम्झौता गरी अगाडी बढ्ने निर्णय गरियो ।

निर्णय नं २. करार सेवामा कार्यरत कर्मचारीको म्याद थप सम्बन्धमा ।

यस पालिकाको कृषि शाखामा अस्थायी करार सेवामा कार्यरत ना.प्रा.प.स कर्मचारीहरु श्रीकान्त न्यौपाने र लक्ष्मी शेर्पाको करार सेवाको म्याद २०७९ साउन १ गते देखि २०७९ असोज मसान्तसम्म थप गर्ने निर्णय गरियो साथै हाललाई दरवन्दी बाहेक करार सेवामा कार्यरत सम्पुर्ण कर्मचारीहरुको करार सेवाको म्याद २०७९ साउन १ गते देखी २०७९ असोज मसान्तसम्म थप गर्ने निर्णय गरियो।

निर्णय नं ३. उद्यम विकास समिति गठन सम्बन्धमा ।

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७को दफा ५५ उपदफा १ बमोजिम लघु उद्यम विकासका कार्यक्रमको सफल कार्यान्वयन लागि देहाय बमोजिमको उद्यम विकास समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| क. | सूर्यप्रसाद गुरुङ | संयोजक |
| ख. | खुसिमान गुरुङ | सदस्य |
| ग. | त्रिलोक चन्द्र गुरुङ | सदस्य |
| घ. | ख माया गुरुङ | सदस्य |
| ङ. | गणेश देवकोटा | सदस्य |
| च. | जस बहादुर राई | सदस्य-सचिव |

क्व्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३



**निर्णय नं ४. अवरुद्ध सडकहरु सुचारु गर्ने सम्बन्धमा ।**

बर्षाका कारण बाटो अवरुद्ध हुदाँ खाद्यान्न दुवानी र दैनिक जिवनयापन गर्न समेत कठिनाई भएकाले यस पालिकाको वडा नं ८ को साल्मेभञ्ज्याङ घाम्राङवेसी हुँदै मिदिमखोला मोटरबाटो र घाम्राङदेखि पसगाउँसम्म मोटरबाटोमा पहिरो गई सडक अवरुद्ध भएकाले तत्काल पहिरो हटाई सडक सुचारु गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ गाउँपालिका विपद् व्यवस्थापन समिति गठन सम्बन्धमा ।**

यस गाउँपालिकामा विपद जोखिम न्युनीकरण तथा व्यवस्थापनका लागि देहाय बमोजिमको विपद व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क. सूर्यप्रसाद गुरुङ | संयोजक |
| ख. गमि माया गुरुङ | सदस्य |
| ग. त्रिलोक चन्द्र गुरुङ | सदस्य |
| घ. पेमा गुरुङ | सदस्य |
| ङ. प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | सदस्य |
| च. दिपक राज पौडेल | सदस्य |
| छ. प्रकाश शेरचन | सदस्य |
| ज. क्व्होलासोथार गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका संघिय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि | सदस्य |
| झ. क्व्होलासोथार गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका प्रदेश प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि | सदस्य |
| ञ. गाउँपालिका प्रहरी प्रमुख | सदस्य |
| ट. नेकपा एमाले गाउँ कमिटि अध्यक्ष | सदस्य |
| ठ. नेपाली काङ्ग्रेस गाउँ कमिटि सभापति | सदस्य |
| ड. नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि | सदस्य |
| ढ. निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँपलिका तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि | सदस्य |

| | |
|---|---|
| ण. गैरसरकारी संस्था महासंघका स्थानीय प्रतिनिधी | सदस्य |
| त. नेपाल पत्रकार महासंघको स्थानीय प्रतिनिधि | सदस्य |
| थ. चित्र घले | सदस्य-सचिव |

**निर्णय नं ६ भूमि आयोगका कार्यका लागि सम्पर्क व्यक्ति सम्बन्धमा ।**

राष्ट्रिय भूमि आयोगले देशभरीका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासहरुको तथ्याङ्क संकलन गरी व्यवस्थापन गर्ने कार्य अगाडी बढाएकोले यस पालिकाको तथ्याङ्क संकलन कार्यका लागि प्रशासन शाखामा कार्यरत जस वहादुर राईलाई सम्पर्क व्यक्तिको जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं ७. आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।**

यस गाउँपालिकाको वडा नं ४ निवासी आस गुरुङको वुवा मंगले गुरुङ अचानक विरामी भई मनमोहन कार्डियोथोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरमा उपचारको क्रममा वायाँ खुट्टा पुरै गुमाउनुका साथै दुबै मृगौला, मुटु र फोक्सोमा समेत गम्भीर समस्या देखिएको र लामो समयसम्म अस्पतालमै राखी उपचार गराउनु पर्ने भएकोले र नीजको घरको आर्थिक अवस्था कमजोर रहेको भनि निवेदन पेश भएकाले नीजको उपचारका लागि रु.१,००,०००(अक्षरुपी एक लाख मात्र) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं ८. अस्थायी प्रहरी चौकी मालिङलाई अत्यावश्यक सामाग्री उपलब्ध गराउने सम्बन्धमा ।**

गाउँपालिकाको केन्द्रमा अवस्थीत अस्थायी प्रहरी चौकी मालिङबाट बर्षायामका लागि अत्यावश्यक देहाय बमोजिमको सामाग्रीहरु माग भई आएकोले उपलब्ध गराउने निर्णय गरियो ।

| | |
|---|---|
| गैंची | २ थान |
| साबेल | २ थान |
| गल | १ थान |
| डोरी | ५ मिटर |
| बन्चरो | १ थान |

क्व्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

| | |
|---|---|
| खुर्पा | २ थान |
| गम्बुट(जुत्ता) | २ जोर |

**निर्णय नं ९. रोजगार सहायक छनौट समिति गठन सम्बन्धमा ।**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को परिच्छेद २को दफा ३ अन्तर्गत यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा रहने रोजगार सहायकको छनौट तथा पदपुर्तिको लागि देहाय बमोजिमको छनौट समिति गठन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| अ. प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| आ. सूचना प्रविधी अधिकृत | सदस्य |
| इ. रोजगार सेवा केन्द्र प्रमुख | सदस्य-सचिव |